# CTEVT NEWS
## BULLETIN




२०७२ वर्ष १४ अङ्क १







## यस अंकका आकर्षणहरू

» CTEVT व्यवस्थापन गोष्ठी सम्पन्न
» विशेष प्राविधिक शिक्षा कार्यक्रम
» सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रमको प्रभावकारीता
» सीपले जीवनमा आमूल परिवर्तन
» GESI in CTEVT
» क्षेत्रीय कार्यालयहरूका गतिविधि
» कर्णालीको धरोहर: कर्णाली प्रा.शि. जुम्ला

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
सानोठिमी, भक्तपुर
फोन नं.: ०१-६६३०४६९/६६३६१७२
www.ctevt.org.np

## सम्पादन समूह

**सल्लाहकारहरू:**

डा. कुल बहादुर बस्नेत

डा. रामहरि लामिछाने

**प्रधान सम्पादक:**

श्री शिवशंकर घिमिरे

**सम्पादक:**

श्री मनोज शर्मा न्यौपाने

श्री कृष्माकर भट्ट

श्री हेमदत्त देवकोटा

**कम्प्यूटर डिजाइनिङ्ग:**

श्री सुनिल सिग्देल

**फोटोग्राफी:**

श्री प्रेम कुमार गुरुङ्ग

**समन्वय तथा योगदान**

श्री गेहेन्द्र बहादुर कार्की

श्री होमनाथ अधिकारी

श्री नागेन्द्र कुमार यादव

श्री सुकमाया पुन

श्री निशा मिश्र

श्री देवदत्त वडु



**प्रकाशक:**

**सूचना तथा अनुसन्धान महाशाखा**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
मध्यपुर थिमी नगरपालिका १७
सानोठिमी, भक्तपुर।
पो.व.नं.: ३५४६
**फोन न.**: ०१-५६३९४५१/०१-६६३६१७२
फ्याक्स नं.: ०१-६६३०६७९
इमेल: research@ctevt.org.np
Website: www.ctevt.org.np


# सम्पादकीय

## शिक्षा ऐन संशोधन : प्राविधिक शिक्षामा थप अन्योल

समग्र शिक्षाको गुणस्तर सुधारका लागि व्यवस्थापन सुधार र व्यवस्थापन सुधारका लागि ऐन कानुन र नीतिगत सुधार अत्यन्त आवश्यक छ । यसका लागि हालै शिक्षा ऐन २०२८ मा संशोधन गर्न खोजिएको छ जुन स्वागत योग्य छ। तर समग्र शिक्षा क्षेत्रको सुधारका लागि शिक्षा ऐन संशोधनको पहल स्वागतयोग्य नै भएता पनि यसका कतिपय प्रावधानहरुका कारण प्राविधिक शिक्षा विज्ञहरुलाई चिन्तित तुल्याएको छ। शिक्षाक्षेत्रमा अग्रगामी छलाङ्गका लागि गर्न लागिएको शिक्षा ऐनको संशोधन प्राविधिक शिक्षाको विकासमा भने प्रतिगामी बन्ने संकेत देखिएको छ।
प्राविधिक शिक्षा साधारण शिक्षाको एक अभिन्न अंग भएतापनि दुवैको कार्य प्रकृति फरक फरक रहेका कारण एकै संयन्त्रबाट गुणस्तरिय रुपमा यी दुवै किसिमका शिक्षा संचालन हुन सक्दैनन् । विशेषगरी प्राविधिक शिक्षाको संचालनका लागि विशिष्टिकृत संयन्त्रको आवश्यकता हुन्छ। तर आज प्राविधिक शिक्षामा करिव चार दशकको अनुभव भएको प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्लाई प्राविधिक शिक्षा संचालनमा निषेध गर्ने प्रयासहरु शुरुवात भएका छन। जुन सर्वथा अनुचित छ। शिक्षा मंत्रालयले साधारण शिक्षामा नै ध्यान केन्द्रीत गरी प्राविधिक शिक्षाको विकासको लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्लाई नै जिम्मेवार बनाउनु पर्दछ।

आज संसार भरीनै प्राविधिक शिक्षा संचालनका लागि विभिन्न स्वायत्त संस्थाको गठन गरिएको छ । भारतमा टि.टि.आई, हडकङ्गमा व्यावसायिक तालिम केन्द्र, फिलिपिन्समा टिइएसडिए आदि यसका उदाहरण हुन् । नेपालमा प्राविधिक तथा साधारण शिक्षालाई एकै संयन्त्रबाट साथ साथै संचालन गर्न खोजिएको तीसको दसकको प्रयास असफल हुनु माथिको भनाई पुष्टि गर्ने ज्वलन्त प्रमाण हो। महान बैज्ञानिक आइन्स्टाइनले भनेका थिए एउटै प्रयोग पटक-पटक दोहोऱ्याएर फरक नतीजाको अपेक्षा राख्नु मुर्खता सिवाय केही पनि होइन। आज तीसको दसकमा पूर्णत असफल भएको प्राविधिक शिक्षाको प्रारुपलाई पुन: अपनाएर प्राविधिक शिक्षाको विकास र विस्तार गर्ने त्यस्तै विचार अगाडि सारिदै छ।

व्यवस्थापिका संसदमा प्रस्तुत गरिएको शिक्षा ऐन संशोधन विधयक जति शिक्षा क्षेत्रको सुधारमा केन्द्रीत छ त्यतीनै प्राविधिक शिक्षाको विकासमा दुरगामी नकारात्मक असर पार्नका लागि अभिप्रेरित छ। व्यक्तिले गरेको गल्तीको असर क्षणिक हुन्छ, क्षतीको परिमाण पनि कम हुन्छ। एउटा संस्थाले गरेको गल्ती पनि केही क्षतीका वावजुद पनि सच्याउन सकिन्छ। तर यदि राज्यबाट नीतिगत निर्णय वा कानुनी निर्णयमा नै कमजोरी भयो भने त्यसको असर भयावह हुन्छ। एक पुस्तानै यसबाट प्रभावित हुन्छ । शिक्षा ऐन संशोधन विधेयक हतारमा र सरोकारवालाहरू बीच आवश्यक छलफल विना नै ल्याइएको छ । यसबाट शिक्षा ऐनलाई जुन रूपमा संशोधन गर्न खोजिएको छ, त्यसबाट प्राविधिक शिक्षाको विकासकालागि अवरोध पुग्ने मात्र नभै देशको समग्र आर्थिक विकासमा नै नकरात्मक असर पार्ने प्रष्ट छ। यो एउटा सि.टी.ई.भि.टी. नामक संस्थाको भविश्यसँग सम्बन्धित विषय मात्र होइन, समग्र प्राविधिक शिक्षाको विकास र व्यवस्थापनका साथै राष्ट्र निर्माणसँग जोडिएको विषय हो । यस गम्भीर यथार्थ प्रति समग्र नीति निर्माता, शिक्षा एवं प्राविधिक शिक्षाविद् लगायत सम्पूर्ण सरोकारवालाहरूको ध्यानाकर्षणका लागि सम्पादन समूह हार्दिक अपेक्षा राख्दछ।

# माननीय शिक्षा मन्त्रीज्यूबाट व्यवस्थापन गोष्ठी उद्घाटन




प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को तीन दिने व्यवस्थापन गोष्ठी १३ बुदें TITI घोषणा-पत्र जारी गर्दै २०७२ मसिर २९ गते सानोठिमी भक्तपुरमा सम्पन्न भएको छ । मंसिर २७ गते देखि सञ्चालन गरिएको उक्त गोष्ठीमा मा. शिक्षा मन्त्री एवम् परिषद् अध्यक्ष, शिक्षा सचिव, परिषद् उपाध्यक्ष, सदस्य-सचिव, परिषद् अन्तर्गत विभिन्न महाशाखाका निर्देशकहरू, सीप विकास परियोजनाका निर्देशक, क्षेत्रीय निर्देशकहरू, परिषद् अन्तर्गत सञ्चालित शिक्षालय प्रमुखहरू, पोलिटेक्निक महाविद्यालय प्रमुखहरू, साथै तालीम केन्द्रका प्रमुखहरू र सरोकारवालाहरूको उपस्थिति रहेको थियो ।

गोष्ठीको उद्घाटन शिक्षा मन्त्री एंव अध्यक्ष मा. गिरिराजमणि पोखरेलले पानसमा बत्ति वालेर गर्नुभएको थियो । उद्घाटन सत्रलाई सम्बोधन गर्दै शिक्षामन्त्री मा. गिरिराजमणि पोखरेलले परिषद्ले गतबर्ष गरेका कार्यहरूको गम्भीर समिक्षा गरी आगामी दिनमा खेल्नुपर्ने भुमिकाका विषयमा स्पष्ट कार्यनीति सहित प्रतिवद्वता आउनु पर्ने कुरा व्यक्त गर्नुभयो । साथै वहाँले सीप युक्त प्राविधिक जनशक्तिको उत्पादन देश विकासका लागि एवं व्यक्तिगत रोजगारीका लागि समेत महत्वपुर्ण रहेको कुरा व्यक्त गर्नुभएको थियो । उक्त गोष्ठीमा परिषद्का उपाध्यक्ष डा. कुल बहादुर बस्नेत, शिक्षा सचिव विश्व प्रकाश पंण्डित, सदस्य-सचिव डा. रामहरि लामिछाने, कर्मचारी संघका अध्यक्ष देवदत्त वडु, फोरम फर हेल्थ साइन्सका वाइ पि. अधिकारीले सम्बोधन गर्नुभएको थियो भने प्रविधिक महाशाखा निर्देशक डा.दिवत कुमार श्रेष्ठले स्वागत मन्तव्य व्यक्त गर्नु भएको थियो । गोष्ठीमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्का बिभिन्न महाशाखाहरू, क्षेत्रीय कार्यालयहरू, आंगिक शिक्षालयहरू, पोलिटेक्निक महाविद्यालयहरू र तालीम केन्द्रहरूले वर्षभरि भए गरेका प्रगतिहरूको साथै परिषद्का समस्या र समाधानका उपायहरू बारे छलफल गरिएको थियो ।

कार्यक्रमको उद्घाटन एंव समापन सत्रमा बोल्ने वक्ताहरूले परिषद्द्वारा सीप युक्त जनशक्तिको उत्पादन र गुणस्तर सुधार गरी "सीपयुक्त नेपाल, समृद्व जनता" नामक नारालाई साकार गर्नुपर्नेमा जोड दिनुभएको थियो साथै शिक्षा ऐन संशोधन मार्फत सामुदायिक विद्यालयहरूमा प्राविधिक शिक्षा संचालन गरी परिषद्को भूमिका खुम्च्याउन खोजिएको प्रति आपत्ती समेत व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा कार्य प्रगति प्रस्तुती ,छलफल, प्रश्नोत्तर एंव समूह कार्यमा सम्वन्धित महाशाखाका निर्देशकहरू, शिक्षालय प्रमुखहरू, कर्मचारी संघ, संगठन, रा.क.स.र ने.रा.क.स.का प्रतिनिधिहरूको सहभागिता रहेको थियो । उक्त कार्यक्रममा परिषद्सँग सम्बन्धित मुद्दाहरूमा समुहिक छलफल गरि सवै मुद्दाहरूको समाधानका उपायहरू समेत छलफल गरिएकोथियो । उक्त गोष्ठीले तपसील अनुसारका १३ वटा वुँदाहरूमा प्रतिवद्धता व्यक्त गर्दै TITI घोषणापत्र जारी गरेको छ । ♦

# प्रतिवद्धता–पत्र २०७२

१. हाल संशोधनको क्रममा रहेको शिक्षा ऐनको मस्यौदामा उल्लेख भएको माध्यमिक विद्यालयहरूमा प्राविधिक शिक्षा कार्यक्रम शिक्षा मन्त्रालयले तोकेको विद्यालयमा लागु हुनेछ भन्ने प्रावधानको सट्टा माध्यमिक विद्यालयहरूमा प्राविधिक शिक्षा, मन्त्रालयको समन्वयमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्ले सम्बन्धन, स्वीकृती दिएका विद्यालयहरूमा मात्र लागु हुनेछ भन्ने संशोधन प्रस्ताव नेपाल सरकार शिक्षा मन्त्रालयमा लेखी पठाउने ।

२. श्रम बजारले माग गरेको जनशक्ति प्रक्षेपण गर्नका लागि श्रम तथा रोजगार मन्त्रालयसंग समन्वय गरि सूचना तथा अनुसन्धान महाशाखाले २०७२ चैत्र मसान्त सम्ममा आवश्यक कार्य गर्ने ।

३. उपाध्यक्षबाट गठित कार्य टोलीले "संघीयतामा प्राविधिक शिक्षाको स्वरुपको खाका २०७२" चैत्र मसान्त भित्र तयार गर्ने ।

४. कर्मचारी सेवा शर्त सम्बन्धी विनियमावली २०६९ लाई समय सापेक्ष संशोधन गरि २०७२ चैत्र मसान्त भित्र बढुवा तथा खुल्ला पदपुर्तिको लागि सूचना प्रकाशित गर्ने ।

५. आर्थिक प्रशासनलाई प्रभावकारी, चुस्त तथा छिटोछरितो बनाउन Integrated Financial Management System [IFMS] २०७३ बैशाख मसान्तसम्म स्थापना गरि आगामी आर्थिक बर्ष देखि लागू गर्ने ।

६. एस.एल.सी.को लेटर ग्रेडिङ प्रणालीलाई मध्यनजर गरि पाठ्यक्रम बिकास महाशाखा र परीक्षा नियन्त्रण कार्यालयले २०७२ माघ मसान्तभित्र प्रा.एस.एल.सी तथा डिप्लोमा, प्रमाणपत्र तहको भर्ना प्रक्रियाको प्रारुप तयार गर्ने साथै अगामी शैक्षिक सत्रदेखि परिषदको परीक्षा प्रणाली समेत लेटर ग्रेडिङ प्रणालीमा बदल्न पाठ्यक्रम विकास महाशाखा र परीक्षा नियन्त्रण कार्यलयले २०७२ आषाढ मसान्त भित्र आवश्यक कार्य गर्ने ।

७. सेवा करारमा कार्यरत कर्मचारीहरूको मनोबल उच्च बनाउन पद अनुरुप सेवा सुविधाहरूमा एकरुपता कायम गर्न एक मापदण्ड निर्देशिका तयार गरि स्वीकृतिका लागि २०७२ फाल्गुण मसान्त भित्र परिषद् समक्ष पेश गर्ने ।

८. पाठ्यक्रम विकास महाशाखा मार्फत देशभरका सीप विकास एवम् तालिमसंग सम्बन्धित सरकारी एंव गैरसरकारी संस्थाहरूमा २०७३ बैशाखदेखि छोटो अवधिको व्यावसायिक तालिमको पाठ्यक्रम लागु गर्ने ।

९. "हामी सबै सूचना प्रविधि साक्षर कर्मचारी" नाराका साथ प्राविधिक प्रशिक्षण प्रतिष्ठान मार्फत एक बर्ष भित्र १०० जना कर्मचारी तथा प्रशिक्षकहरूलाई सेवाकालिन कम्प्युटर तालिमको व्यवस्था गर्ने ।

१०. परिषद् तथा यस अन्तर्गतका शिक्षालयहरूले आगामी आर्थिक बर्षको कार्यक्रम तथा बजेट तर्जुमा गर्दा परिषद्को रणनीतिक योजना २०१४-२०१८ लाई आधार मानी २०७२ पौष मसान्त सम्ममा तयार गर्ने ।

११. प्राविधिक प्रशिक्षणलाई गुणस्तरीय बनाउन बहु प्राविधिक (Polytechnic) महाशाखा र प्राविधिक प्रशिक्षण प्रतिष्ठानले प्रशिक्षक लाइसेन्स व्यवस्था गर्न आवश्यक निर्देशिका २०७३ आषाढ मसान्त भित्र तयार गर्ने ।

१२. परिषद् केन्द्रिय कार्यालय लगायत सम्पूर्ण शिक्षालयहरू, प्रतिष्ठानहरू, क्षेत्रीय कार्यालयहरू, तालिम केन्द्रहरूले २०७३ आषाढ मसान्त सम्ममा हाल कायम भएको बेरुजु सम्परीक्षण गर्ने ।

१३. पाठ्यक्रम विकास महाशाखाले कम्तीमा एउटा विषयमा व्याचलर इन टेक्निकल एजुकेसन (बि.टेक.) को पाठ्यक्रम २०७३ आषाढ मसान्त भित्र तयार गर्ने र आगामी शैक्षिक सत्रमा उक्त कार्यक्रम संचालन गर्न बहु प्राविधिक (Polytechnic) महाशाखाले आवश्यक कार्य गर्ने । ◆



# विशेष प्राविधिक शिक्षा कार्यक्रम संचालनको तयारी

१. विशेष प्राविधिक शिक्षा कार्यक्रम अन्तर्गत भूकम्पवाट अति प्रभावित चौध वटा जिल्लाका ज्यान गुमाएका, अशक्त, घाइते र घरको पूर्ण क्षति भई “क” वर्गको परिचय पत्र प्राप्त गरेका एकाघर परिवारका सदस्यहरूलाई तथा देशभरका चेपाङ्ग, हलिया, कमैया, लोपोन्मुख जाती, सुदूर तथा मध्य पश्चिमका पहाडी दश जिल्ला (अछाम, डोटी, वाजुरा, वझाङ्ग, वैतडी, जाजरकोट, दैलेख, रोल्पा, रुकुम र प्यूठान) का दलित छात्रछात्रा र तराई मधेसका दुई जिल्ला (दाङ्ग र कैलाली)का दलित तथा विपन्न मुस्लिम छात्राहरूको लागि सम्वन्धित जिल्ला शिक्षा कार्यालय मार्फत प्रवेश परीक्षा भै सहभागीहरू भर्ना हुने प्रकृयामा रहेका छन् ।

२. भूकम्पवाट अति प्रभावित जिल्लाहरूका छात्र-छात्राहरूको लागि प्राविधिक शिक्षामा नेपाल सरकारको आर्थिक वर्ष २०७२/७३ को बजेट तथा कार्यक्रममा व्यवस्था भए बमोजिम भूकम्पवाट अति प्रभावित १४ वटा जिल्लाहरू (काठमाडौं, भक्तपुर, ललितपुर, काभ्रेपलान्चोक, सिन्धुपाल्चोक, रसुवा, धादिङ्ग, नुवाकोट, गोरखा, मकवानपुर, रामेछाप, दोलखा, सिन्धुली र ओखलढुङ्गा)मा बसोबास गरी २०७२ वैशाख महिनामा गएको महाभूकम्प र त्यसपछिका पराकम्पनमा परी ज्यान गुमाएका, अशक्त घाइते तथा पूर्ण रुपमा घरको क्षति भई “क” वर्गको परिचय पत्र प्राप्त गरेका एकाघर परिवारका छात्र-छात्राहरूलाई प्राविधिक शिक्षा प्रदान गर्न परिषद्ले तपसील वमोजिमको छात्रवृत्ति कार्यक्रम अन्तर्गत उल्लेखित विषयहरूमा निर्धारित कोटा छुट्याइएको छ ।

**तपसिल**

| सि. नं. | कार्यक्रम | मृतक परिवार | घाइते परिवार | घरको पुर्ण क्षति भई “क” वर्गको परिचय पत्र प्राप्त परिवार | जम्मा कोटा |
|---|---|---|---|---|---|
| १ | प्रमाणपत्र तह नर्सिङ्ग ३ बर्ष | ४० | ४० | २० | १०० |
| २ | प्रमाणपत्र तह सामान्य चिकित्सा ३ वर्ष | १६ | १६ | ८ | ४० |
| ३ | प्रमाणपत्र तह कृषि ३ बर्ष (वाली विज्ञान र पशु विज्ञान) | ६४ | ६४ | ३२ | १६० |
| ४ | डिप्लोमा इन फार्मेसी ३ वर्ष | १६ | १६ | ८ | ४० |
| ५ | डिप्लोमा इन सिभिल इन्जिनियरिङ्ग ३ वर्ष | ४८ | ४८ | २४ | १२० |
| ६ | डिप्लोमा इन इलेक्ट्रिकल इन्जिनियरिङ्ग ३ वर्ष | १६ | १६ | ८ | ४० |
| | **जम्मा** | **२००** | **२००** | **१००** | **५००** |

विशेष प्राविधिक शिक्षा छात्रवृत्ति कार्यक्रममा तपसिल बमोजिमको कोटा निर्धारण गरिएको छ ।

**तपसिल**

| सि.नं. | सञ्चालन हुने कार्यक्रम | चेपाङ्ग | हलिया | कमैया | लोपोन्मूख | मध्य तथा सुदुर पश्चिमका पहाडी १० जिल्लाको कोटा | तराई मधेसका २ जिल्लाा कोटा | | | | जम्मा कोटा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | दाङ्ग | | कैलाली | | |
| | | | | | | | दलित | विपन्न मुस्लिम | दलित | विपन्न मुस्लिम | |
| १. | प्रमाणपत्र तह नर्सिङ्ग | १० | १० | १० | २० | प्रति जिल्ला ५ का दरले ५० | २५ | २५ | २५ | २५ | २०० |
| २. | प्रमाणपत्र तह सामान्य चिकित्सा | ९ | ९ | ९ | १३ | प्रति जिल्ला ४ का दरले ४० | १० | १० | १० | १० | १२० |
| ३. | प्रमाणपत्र तह कृषि (वाली विज्ञान) | ४ | ४ | ४ | १८ | प्रति जिल्ला ३ का दरले ३० | ५ | ५ | ५ | ५ | ८० |

| सि.नं. | सञ्चालन हुने कार्यक्रम | चेपाङ्ग | हलिया | कमैया | लोपोन्मूख | मध्य तथा सुदुर पश्चिमका पहाडी १० जिल्लाको कोटा | तराई मधेसका २ जिल्लाो कोटा | | | | जम्मा कोटा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | दाङ्ग | | कैलाली | | |
| | | | | | | | दलित | विपन्न मुस्लिम | दलित | विपन्न मुस्लिम | |
| ४. | प्रमाणपत्र तह कृषि (पशु विज्ञान) | ४ | ४ | ४ | १८ | प्रति जिल्ला ३ का दरले ३० | ५ | ५ | ५ | ५ | ८० |
| ५. | डिप्लोमा इन फार्मेसी | ७ | ७ | ७ | ११ | प्रति जिल्ला ४ का दरले ४० | २ | २ | २ | २ | ८० |
| ६. | डिप्लोमा इन इलेक्ट्रिकल इन्जिनियरिङ्ग | २ | २ | २ | ६ | प्रति जिल्ला २ का दरले २० | २ | २ | २ | २ | ४० |
| ७. | डिप्लोमा इन सिभिल इन्जिनियरिङ्ग | १२ | १२ | १२ | २४ | प्रति जिल्ला १० का दरले १०० | १० | १० | १० | १० | २०० |
| **जम्मा** | | **४८** | **४८** | **४८** | **११०** | **३१०** | **५९** | **५९** | **५९** | **५९** | **८००** |

भूकम्पवाट अति प्रभावित जिल्लाहरूबाट र विशेष प्राविधिक शिक्षा छात्रवृत्ति कार्यक्रममा प्रवेश परीक्षावाट छानिएका छात्र/छात्राहरूले भर्ना भएपछि निर्वाह भत्ता प्रति महिना रु ३५००।- र प्रतिवर्ष यातायात खर्च रु १५००।- तथा पोशाक खर्च रु २५००।- पाउनुका साथै छात्रावासको सुविधा सहित नि:शुल्क अध्ययन गर्न पाउने छन् ।

३. प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् अन्तर्गत संचालित आंगिक तथा सम्वन्धन प्राप्त संस्थाहरूको अनुगमन तथा निरीक्षण २०७२ चैत्र मसान्तभित्र सम्पन्न गर्ने गरी कार्यक्रम भैंरहेको छ । ♦

# सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा महाशाखा

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको पहुँच बहुसंख्यक जनता समक्ष पुऱ्याउनु पर्ने आजको आवश्यकता अनुरुप हाल संचालन भैरहेको शिक्षण संस्थाहरूमा उपलब्ध स्रोत साधनहरूको अधिकतम उपयोग गरी सामुदायिक विद्यालयको व्यवस्थापनबाट संचालन गरिने प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रमहरू सुविधा सम्पन्न, आर्थिक तवरले सवल र राम्रो शैक्षिक व्यवस्थापन भएका विद्यालयहरू छनोट गरि उपलब्ध श्रोत र साधनको अधिकतम उपयोग गरी उक्त विद्यालयहरुमार्फत गुणस्तरयुक्त प्राविधिक शिक्षा उपलब्ध गराईएको छ । यसरी दुर्गम क्षेत्रका आर्थिक रुपले पिछडिएका जातजाति तथा दलितहरूलाई प्राविधिक शिक्षाको पहुँच एवं विस्तार गर्ने उद्देश्यले ७३ वटा जिल्लाका सामुदायिक विद्यालयमा तथा निजी रुपमा पनि सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यकम संचालित छन् ।

**मुख्य कार्यहरु**

१. प्रविधिक शिक्षाको पहुँच जनस्तर सम्म पुऱ्याई गुणस्तरीय प्राविधिक जनशक्ति उत्पादन गर्न सहयोगी भूमिका खेल्ने ।
२. सामुदायिक विद्यालयहरूको उपलब्ध साधन स्रोत तथा व्यवस्थापनको सदुपयोग गर्ने ।
३. आर्थिक एव सामाजिक रुपले पछि परेकालाई सहभागी गराई प्राविधिक शिक्षामा सवैको पहुँच पुऱ्याउने ।
४. स्थानिय आवश्यकतानुसार तालिम संचालन गर्नुका साथै स्थानीय निकायलाई सहभागी गराउने ।
५. प्राविधिक शिक्षाप्रति जनस्तरबाट रुचि तथा सहयोगात्मक भावना बढाउनको लागी TECS महाशाखाले प्रत्येक TECS स्कुलका प्रशिक्षक तथा सहायक प्रशिक्षकहरूलाई शिक्षण सिकाई कृयाकलाप प्रति सक्रिय गराउन प्रशिक्षक प्रशिक्षण तालिम बेला बेलामा दिदैं आएकोछ । जसले गर्दा प्रत्येक TECS विद्यालयका शिक्षकहरूमा हौसला र उत्साह पैदाभएकोछ साथै प्राचार्यहरूलाई व्यवस्थापन सम्बन्धी तालिम दिईएको छ । यस्ले प्रार्चायहरूमा प्रविधिक शिक्षा र साधारण शिक्षा प्रतिको असमानता हटि समानता तथा अपनत्वको र सकारात्मक भावना पैदा गर्न सहयोगी भूमिका खेलेको पाइन्छ । ♦

# सीपले जीवनमा आमूल परिवर्तन




**तीन जनालाई रोजगारी पनि दिएका छौं । उनीहरूलाई काम हेरेर ज्याला दिने गरेका छौं । गाउँमा बस्दा कुटोकोदालो गरेरै जिन्दगी जान्छ कि जस्तो लागेको थियो, तर सीप सिकेपछि मेरो आर्थिक एवम् सामाजिक अवस्थामा आमूल परिवर्तन आयो ।**

### तालिमअघिको मेरो जीवन :

५ छोरा, ३ छोरी अनि बुवाआमा गरी हाम्रो १० जनाको परिवार थियो । जीवनयापनको मुख्य आधार खेतीपाती मात्रै थियो । म कान्छी छोरी भएकोले पढ्ने मौका त पाएँ, तर एस.एल.सी. पास हुन सकिन् । म ८ वर्ष पुरा हुँदा आमा र १५ वर्ष छँदा बुवा बित्नुभयो । मैले आमाबुवाको माया नै पाईन भन्दा पनि हुन्छ । दाईहरूले कमाएर परिवार पाल्नुपर्ने अवस्था आयो । त्यही भएर उहाँहरूले पढ्ने मौका पाउनु भएन । बरु मेरो भाईले स्नातकसम्म पढेको छ । बाल्यकालमा मन लागेको लाउनखान पाउने अवस्था थिएन । दुःखका दिन थिए । एस.एल.सी. फेल भएपछि मेरो केही काम भएन । कमाउने उमेर भइसक्दा पनि कुनै काम नहुनु र पढाई पनि नहुँदा दिक्क लाग्थ्यो । गाउँमा घरेलुको तालिम दिने एकजना दिदी हुनुहुन्थ्यो, उहाँले ढाका बुन्ने तालिम दिनुहुन्छ भन्ने थाहा पाएर भेट्न गएँ । तर त्यो तालिम त बुहारीहरूका लागि पो रहेछ ! त्यो तालिममा सहभागि हुन पाइन, साह्रै पीडा भयो । म अन्यौलपूर्ण अवस्थामा रहिरहेकै बेला सदरमुकाम मन्थलीमा कुखुरा पालनसम्बन्धी निःशुल्क तालिमको मौका पाए । खुसी मान्दै तालिममा गए । त्यो तालिम लिदालिदै CTEVT बाट सिलाईकटाई सम्बन्धी तालिम संचालन हुने बारे सूचना पाए । मलाई कुखुरा पालनमा भन्दा सिलाईमा बढी रुचि भएकोले त्यसमा नाम लेखाए । सुखद् संयोग नै मान्नुपर्छ मेरो नाम निस्क्यो । आफ्नै रुचिको सिलाईकटाईमा नै तालिम लिन थाले ।

### तालिमपछिको मेरो जीवन:

CTEVT बाट सञ्चालित सिलाईकटाई सम्बन्धी ३ महिने तालिम लिएपछि साथीहरू मिलेर व्यावसाय गर्ने निधो भयो । तर कहाँ खोल्ने ? कति लगानी गर्ने ? लगानी कसरी जुटाउने ? भन्ने छलफलमै हामी लागिरहेका थियौं । त्यतिकैमा दसैं आयो, काठमाडौं पढ्न गएको भाइ पनि घर फर्कियो । मैले तालिम लिएको र साथीहरूसँग मिलेर टेलर खोल्न लागेको कुरा घरमा सुनाए । भाइले पनि काठमाडौंमा पढ्दै गर्दा सर्टिङसुटिङ र टेलरिङको तालिम लिएको रहेछ । घरसल्लाह हुँदा भाइले दिदीभाइ मिलेर गरौं, म सुट सिलाउँछु, दिदीले अरु कपडा सिलाउनु, आफै खोले कसो होला भन्यो । उसको प्रस्ताव मलाई निकै मन पऱ्यो । हामीले मन्थलीमा टेलर खोल्यौं । गाउँमै दुई ठाउँबाट २ लाख रुपैयाँ ऋण लिएर पसल खोलेका हौं । काम गर्दै, कमाउँदै जाँदा अहिले पसलमा करिब १० लाखको सामान जोडिएको छ । भाईले पुरुषका र मैले महिलाका लुगा सिलाउछु । विवाह, दसैं, तिज जस्ता पर्व तथा स्कुलको ड्रेस सिलाउने बेला धेरै काम आउँछ । अहिले मन्थलीमा धेरैको रोजाइको टेलरमा हामी पर्छौं । सरकारी कर्मचारीले लाउने ड्रेसको काम पनि हामीले पायौं । घाटामा जानु परेन । ऋण तिर्ने काम गरियो । सिजनमा महिनामा ४०/५० हजार कमाउन गाह्रो छैन । तीन जनालाई रोजगारी पनि दिएका छौं । उनीहरूलाई काम हेरेर ज्याला दिने गरेका छौं । गाउँमा बस्दा कुटोकोदालो गरेरै जिन्दगी जान्छ कि जस्तो लागेको थियो, तर सीप सिकेपछि मेरो आर्थिक एवम् सामाजिक अवस्थामा आमूल परिवर्तन आयो । यस्तो होला, यति गरिएला भनेर त सोचेको पनि थिइनँ । यो दुनियामा काम अनुसारको व्यवहार हुने रहेछ । हामी त दलित यसै पनि कतिपयले हेपी हाल्थे । त्यसमाथि केही काम र सीप नभएको दलित, पढ्न नसकेको दलित हुँदा झन् गाह्रो थियो । काम तथा आयआर्जनले मानिसको दृष्टिकोण बन्दोरहेछ । अहिले त सबैले सम्मान गर्छन्, मायाले बोलाउँछन् । सामाजिक चिनारी नै अर्कै भएको छ भने मानिसहरूले पत्याउन थालेका छन् । सीप सिकेपछि अहिले कमाउने र रमाउने बाटो खुलेको छ । आगामी दिनमा यही टेलरलाई ठूलो र अझ स्तरीय बनाउने योजना छ । त्यसकै लागि बचतलाई प्राथमिकता दिने गरेकी छु ।

*(राधिका नेपालीसग सुनिल सिग्देलले गरेको कुराकानीमा आधारित)*

# माननीय शिक्षा मन्त्रीद्वारा परिषद् तथा प्रतिष्ठानको अनुगमन

**सीपयुक्त जनशक्ति उत्पादनमा परिषद्को अहम् भूमिका हुने हुँदा यसको व्यापक बिस्तार गरी, सबैमा यसको पहुँच पुऱ्याउनु वर्तमान आवश्यकता रहेको बिचार माननीय मन्त्रीज्युले गर्नु भएको थियो ।**

माननीय शिक्षा मन्त्री गिरिराजमणि पोखरेलले मन्त्रालयको जिम्मेवारी सम्हाले लगत्तै प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् तथा प्राविधिक प्रशिक्षण प्रतिष्ठानको अनुगमन गर्नु भएको थियो । उक्त अनुगमन कार्यक्रममा परिषद्का उपाध्यक्ष डा. कुल बहादुर बस्नेतले स्वागत मन्तव्य व्यक्त गर्नु भएको थियो । सोही कार्यक्रममा परिषद्का सदस्य-सचिव डा. रामहरि लामिछानेद्वारा परिषद्ले गर्दै आएको काम कारवाही र यसको चुनौति तथा अवसरका बारेमा सक्षिप्त विवरण प्रस्तुत गर्नुभएको थियो । अनुगमनका क्रममा शिक्षा मन्त्री मा. गिरिराजमणि पोखरेलले परिषद्बाट राज्यलाई आवश्यक निम्न तथा मध्यम स्तरीय सीपयुक्त जनशक्ती आपूर्ति गर्न नेतृत्वदायी भूमिका निभाउदैं आएकोमा सन्तुष्टि व्यक्त गर्नुभयो । आगामी दिनमा समेत एउटै छानोमा धेरै कार्यक्रम चलाउनु पर्ने हुंदा परिषद् सो को लागि समेत तयार हुनुपर्ने एवं आगामी दिनमा यसको क्षेत्र समेत बिस्तार गरी नवीनतम सोच एवं शैलिका साथ कार्यक्रम संचालनका लागि नेतृत्वदायी भूमिका लिनुपर्ने कुरा बताउनु भएको थियो ।

माननीय मन्त्रीज्यूले प्राविधिक जनशक्ति उत्पादनमा परिषद्को अहम भूमिका रहेको र प्राविधिक तथा व्यवसायिक शिक्षा र तालीममा सबैको पहुँच पुऱ्याउने, गुणस्तर सुधार गर्ने एंव बजेट व्यवस्थापन आदिका लागि आफु सदैव सहयोगी हुने विश्वास दिलाउँदै परिषद् व्यवस्थापनलाई नयाँ सोचका साथ अघि बढ्न निर्देशन दिनु भयो । ◆

# परिषद्का क्षेत्रिय कार्यालयहरू जिम्मेवारीमा खरो उत्रदै

## पूर्व क्षेत्र क्षेत्रीय कार्यालय, ईटहरी, सुनसरी

CTEVT पुर्व क्षेत्र क्षेत्रीय कार्यालय, ईटहरी, सुनसरीको स्थापना पछी मेची, कोशी, सगरमाथा अञ्चलका परिषद्का आँगिक, साझेदारी, निजी तथा टेक्स कार्यक्रम संचालन गर्ने सरकारी विद्यालयहरूलाई आफ्नो कार्य क्षेत्रको रुपमा प्रयोग गरिरहेको छ ।

**यस कार्यालयबाट हालसम्म गरिदै आएका कार्यहरूः**

१. यस क्षेत्र अन्तर्गतका परिषद्का आँगिक, साझेदारी, निजि तथा टेक्स कार्यक्रम संचालन गर्ने सरकारी विद्यालयहरूको अनुगमन तथा मुल्याङ्कन गर्ने Follow-up समेत गर्ने ।

२. परीक्षा नियन्त्रण कार्यालयको कार्य तालीका बमोजिम निम्न कार्यहरू गर्ने ।
   - (क) प्रवेश परीक्षा तथा पुनः प्रवेश परीक्षा संचालन, समन्वय तथा अनुगमन गर्ने र नतिजा प्रकाशन गर्ने,
   - (ख) वार्षिक तथा अन्तिम सैद्दान्तिक र प्रयोगात्मक परीक्षा संचालन, समन्वय र अनुगमन गर्ने,
   - (ग) डिप्लोमा तहको परीक्षाको उत्तर पुस्तिका, आन्तरिक मुल्याङ्कन तथा प्रयोगात्मक मार्क संकलन गरी परीक्षा नियन्त्रण कार्यालयमा पठाउने,
   - (घ) यस क्षेत्रको प्राविधिक एस.एल.सी. तहको अन्तिम परीक्षाको उत्तर पुस्तिका संकलन गर्ने, कोड गर्ने, परीक्षण गर्ने साथै नतिजा प्रकाशनका लागि तयार गरी परीक्षा नियन्त्रण कार्यालयमा अनुमोदनका लागि पठाउने,
   - (ङ) यस क्षेत्रको प्राविधिक एस.एल.सी. तहको अन्तिम परीक्षाको मार्क सिट तथा लेजर सम्बन्धित संस्थाहरूलाई वितरण गर्ने,
   - (च) यस क्षेत्रको प्राविधिक एस.एल.सी. तथा डिप्लोमा तहका प्रशिक्षार्थीहरूको ओ.जे.टी. सेमिनार संचालन गर्ने र डिप्लोमा तहका प्रशिक्षार्थीहरूको ओ.जे.टी. मुल्याङ्कन मार्क परीक्षा नियन्त्रण कार्यालयमा पठाउने,
   - (छ) डिप्लोमा तथा प्राविधिक एस. एल.सी. तहका नयाँ भर्ना भएका प्रशिक्षार्थीहरूको रजिष्ट्रेशन फारम तथा परीक्षा आवेदन फारम संकलन गर्ने, जाँच गर्ने र परीक्षाको लागि प्रवेश पत्र वितरण गर्ने,

३. राष्ट्रिय सीप परिक्षण समितिको नियमित कार्यहरूमा समन्वय तथा सहयोग गर्ने ।

४. परिषद् केन्द्रिय कार्यालय र तालीम प्रदायक संस्थाहरू विच समन्वय गर्ने साथै क्षेत्रीय स्तरमा परिषद्को प्रतिनिधित्व गर्ने ।

५. पुनर्योगका लागि प्राप्त भएका निवेदनहरू परीक्षा नियन्त्रण कार्यालयमा पठाउने ।

६. यस क्षेत्र अन्तर्गतका परिषद्का आँगिक, साझेदारी, निजी तथा टेक्स कार्यक्रम संचालन गर्ने सरकारी विद्यालयहरूसंग समय समयमा अन्तक्रिया गर्ने र उनीहरूका जायज समस्याहरूलाई स्थानीय स्तरमा समाधान खोज्ने यदि संभव नभए ती जायज समस्याहरू परिषद् केन्द्र सम्म पुऱ्याउने र समाधान गर्ने काममा समन्वय गर्ने । ◆

## मध्य क्षेत्र क्षेत्रीय कार्यालय, भरतपुर, चितवन

१. प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्बाट २०७२ भाद्र, आश्विन र माघ महिनामा संचालित प्राविधिक एस.एल.सी., प्रमाण पत्र/डिप्लोमा तहको वार्षिक आंशिक

Even Semester को वार्षिक परीक्षाको (सैद्धान्तिक र प्रयोगात्मक) यस कार्यालयका क्षेत्रभित्र पर्ने जनकपुरदेखि अर्घाखाँचीसम्म अनुगमन तथा व्यवस्थापन गर्ने कार्य सम्पन्न गरिएको छ । सोही परीक्षाको Technical Education in Community School (TECS) तथा TSLC तर्फका विभिन्न कार्यक्रमहरूको अन्तिम परीक्षाको उत्तरपुस्तिका परीक्षण कार्य समेत जारी भइरहेको छ । ANM कार्यक्रम तर्फको मौका परीक्षाको नतीजा प्रकाशनको लागि Result Summary Sheet तयार गरी प्रकाशनको लागि CTEVT परीक्षा नियन्त्रण कार्यालयमा पढाईएकोमा परिषद् प.नि.काबाट नतीजा प्रकाशन गर्ने कार्य भएको छ ।

२. यस मध्य क्षेत्र अन्तर्गत पर्ने परिषद्बाट सम्बन्धन प्राप्त निजी स्तरमा संचालित, साझेदार तथा आंगिक विभिन्न संस्थाहरूको (डिप्लोमा तर्फ १२३, प्रा.एस.एल.सी. तर्फ १२८ र TECS तर्फ ३४) गरी २८५ वटा कार्यक्रमहरूको नियमित अनुगमन तथा मुल्यांकन कार्यको लागि परिषद्, प्राविधिक तथा पोलिटेक्निक महाशाखासंग आवश्यक समन्वय जारी राखिएको ।

३. परीक्षा नियन्त्रण कार्यालयद्वारा यस क्षेत्र भित्र सञ्चालन भैरहेको प्राविधिक एस.एल.सी.तर्फका अ.न.मि. र ईलेक्ट्रिकल एव फाल्गुणमा सञ्चालन हुने डिप्लोमाको परीक्षाका लागि तयारी कार्य जारी राखिएको । ◆

## पश्चिम क्षेत्र क्षेत्रीय कार्यालय, कोहलपुर

मध्य तथा सुदूरपश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गतका आंगिक, टेक्स र निजी स्तरमा संचालित संस्थाहरूको परीक्षा लगायत अन्य परिषद्संग सम्वन्धित कार्यहरूका लागि सहज, छिटो र परिणाम मुखि कामका लागि यस पश्चिम क्षेत्र क्षेत्रीय कार्यालयको स्थापना २०६७ सालमा कोहलपुर न.पा. भित्र भाडाको घरबाट शुरु भएको हो । हाल १० कट्ठा क्षेत्रफलमा अवस्थित यस क्षेत्रिय कार्यालयको आफ्नै भवन निर्माण कार्य सम्पन्न भई हस्तान्तरण समेत भैसकेको र यस भवनबाट नै कार्यालय संचालन भइरहेको छ । यस क्षेत्र अन्तर्गत राप्ती, भेरी, कर्णाली सेती र महाकाली अंचलहरू पर्दछन्, जहाँ टि.एल.सी. र डिप्लोमा गरी ११७ वटा कलेजमा २११ वटा कार्यक्रमहरू संचालित छन् । जस अन्तर्गत डिप्लोमा तहका ३३ वटा संस्थाहरूमा ५० वटा कार्यक्रमहरू संचालित छन् । त्यसै गरी प्रा.एस.एल.सी., आंगिक र नीजि गरी ६१ वटा संस्थाहबाट ११३ वटा कार्यक्रमहरू संचालन भइरहेका छन् भने २३ वटा टेक्स विद्यालयमा ४८ वटा कार्यक्रमहरू संचालन भएका छन् ।

**यस क्षेत्रद्वारा सम्पन्न भएका कार्यहरू**

१. डिप्लोमा तथा प्रा.एस.एल.सी. तहको प्रवेश परीक्षा संचालन तथा नतिजा प्रकाशन गरिएको ।

२. डिप्लोमा तथा प्रा.एस.एल.सी. तहका सबै विषयका बार्षिक/सेमेष्टर प्रणालीको अन्तिम परीक्षाहरू सम्पन्न भएको

३. प्रा.एस.एल.सी. तहको उत्तरपुस्तिका परीक्षण कार्य अन्तिम चरणमा पुगेको र नतिजा प्रकाशन कार्यको तयारी भइरहेको ।

४. १८ महिने अ.न.मी. कार्यक्रमको अन्तिम परीक्षा गत माघ महिनामा सम्पन्न भएको छ ।

५. विशेष छात्रवृत्ति तर्फ १३ वटा दुर्गम पहाडी जिल्लामा प्रवेश परीक्षा कार्यक्रम गरिएको छ ।

६. मध्य तथा सुदूरपश्चिम क्षेत्रका निजी तथा टेक्स शिक्षालयहरूको नियमित अनुगमन तथा मूल्याङ्कन कार्य प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, प्राविधिक महाशाखा र यस क्षेत्रिय कार्यालय बीचको समन्वयमा हालै सम्पन्न भएको ।

७. यस क्षेत्रका प्रा.एस.एल.सी. तथा डिप्लोमा तहको अध्यापन गराउने विभिन्न संस्थाहरूको रजिष्ट्रेशन फारम संकलन गरिएको । ◆

## प्राविधिक शिक्षामा "लैङ्गिक समानता एवम् सामाजिक समावेसीकरण" एक नयाँ आयाम

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को प्रशासन महाशाखा अन्तर्गत लैंगिक समानता तथा सामाजिक समाबेशीकरण इकाई Gender Equality and Social Inclusion (GESI) unit गठन गरिएको छ, साथै यस इकाइले २०७२/६/३ गते औपचारिकता पाएको हो । यस इकाई अन्तर्गत एक संयोजक र चार जना सदस्यहरू रहेका छन् । लैंगिक समानता र सामाजिक समाबेशीकरण कार्यक्रमहरू संस्था भित्र लागुगरि लैंगिक मैत्री र समाबेशी बनाउने उद्देश्यका साथ कार्यक्रमहरूको योजना साथ अगाडी बढेको छ ।

यो इकाईको स्थापना भएपछि GESI Focal Person तोक्ने कार्यका लागी पत्राचार भै सकेको र विभिन्न शिक्षालयहरूमा Focal Person तोकिसकिएको पनि छ, त्यस्तैगरी Disaggregated data को फारम पनि प्रा. शि. तथा व्या. ता. प. अन्तर्गतका सबै आंगिक शिक्षालयहरूमा पठाई सकिएको छ । GESI मैत्री शिक्षण र सिकाई बनाउने उद्देश्यका साथ GESI पाठ्यक्रम अंग्रेजी र नेपाली दुवै भाषामा तयार गरिएको साथै केहि शिक्षालयहरूमा GESI Module का छोटो अवधिका तालीमहरूमा १६ घण्टाका हिसाबले अध्यापन गराउन शुरु पनि गरिसकिएको छ ।

GESI इकाईको पाच बर्षे र एक बर्षे कार्य योजना को ड्राफ्ट तयार भैसकेको छ । जस अन्तर्गत Orientation, workshop, training, लगायत नीति नियम बनाउने आदि रहेका छन् । ◆

# अन्तरक्रियात्मक कार्यशाला गोष्ठी सम्पन्न



प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् र संयुक्त राष्ट्र संघीय विकास नियोग अन्तरगत संचालित SKILLS कार्यक्रमका बीच Institutionalization of i) Labour Market Signaling and Assessment System and ii) Knowledge Management and Networking in the TVET Sub-sector of Nepal कार्यहरू सम्पन्न गर्नका लागि समझदारी मिति २०७२ कार्तिक १३ गते समझदारी भए बमोजिम विभिन्न गोष्ठी एवम् अन्तरक्रिया कार्यक्रमहरू सम्पन्न भएका छन । यस अन्तरगत मिति २०७२ कार्तिक २३ र मंसीर ११ मा अन्तरक्रियात्मक कार्यशाला गोष्ठी एवम् मिति २०७२ मंसीर २७ गते **बातावरण युक्त दिगो विकासका लागि गुणस्तरीय प्राविधिक शिक्षा** नामक राष्ट्रिय गोष्ठी सम्पन्न भएको थियो ।

उक्त अन्तरक्रियात्मक कार्यशाला एवम् गोष्ठीमा प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिमको क्षेत्रमा कार्यरत विभिन्न मन्त्रालय, विभाग, विकास समितिहरूका प्रमुख एवम् प्रतिनिधि एवम् अन्य दातृ निकायबाट संचालित परियोजनाहरूका परियोजना प्रमुख एवम् प्रतिनिधिहरूको उपस्थिति रहेको थियो । माथि उल्लेखित सवै कार्यक्रमहरू नयाँबानेश्वर स्थित अल्फा हाउसमा सम्पन्न गरिएका थिए भने कार्यक्रमको सभापतित्व परिषद्का उपाध्यक्ष डा. कुल बहादुर बस्नेतले गर्नुभएको थियो । उक्त कार्यक्रममा परिषद्का सदस्य-सचिव डा. रामहरि लामिछानेले धन्यवाद मन्तव्य व्यक्त गर्नुका साथै कार्यक्रमको महत्व एवम् बर्तमान TVET Subsector को चुनौती तथा सम्भावनाका वारेमा मन्तव्य राख्नु भएको थियो ।

उल्लेखित अन्तरक्रियात्मक कार्यक्रमहरू अनौपचारिक शैलीमा सम्पन्न भएता पनि मंसीर २७ मा संचालित राष्ट्रिय गोष्ठी औपचारिक रुपमा संचालन गरिएको एवम् उक्त औपचारिक कार्यक्रमको उद्‌घाटन शिक्षा सचिव श्री विश्व प्रकाश पंडितज्यूले पानसमा बत्ति बालेर गर्नुभएको थियो जसमा तीनबटा कार्यपत्रहरू समेत प्रस्तुत भएका थिए । पहिलो कार्यपत्र प्राविधिक कार्यक्रमको गुणस्तरका लागि अनुगमन तथा मूल्यांकनको भूमिका विषयमा शिक्षा मन्त्रालयका सह-सचिव डा. हरि लम्सालले गर्नुभएको थियो । त्यस्तै कार्यक्रमको दोस्रो कार्यपत्रको रुपमा नेपालमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीमको गुणस्तर सुनिश्चितताः निरन्तर सुधारका लागि मार्ग विषयमा प्राविधिक शिक्षा विद् डा. प्रमोद बहादुर श्रेष्ठले गर्नुभएको थियो । कार्यक्रमको अन्तिम कार्यपत्र बातावरण मैत्री प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालीम : एक्काइसौ शताव्दीको उदाउँदो आवश्यकता विषयमा परिषद्का सदस्य-सचिव डा. रामहरि लामिछानेले प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा साना तथा घरेलु उद्योग विभागका महानिर्देशक श्री नारायण प्रसाद विडारी, बैदेशिक रोजगार प्रर्वद्धन बोर्डका कार्यकारी निर्देशक श्री रघुराज काफ्ले, SKILLS Project परियोजना निर्देशक डा. भवानी शंकर सुवेदी लगायत विशिष्ट व्यक्तित्वहरू लगायत करिव ७० जना सरोकारवालाहरूको उपस्थिति रहेको थियो । उक्त सबै कार्यक्रमको संचालन एवम् सहजीकरण सूचना तथा अनुसन्धान महाशाखाका उप-निर्देशक श्री मनोज शर्मा न्यौपानेले गर्नु भएको थियो । ◆

> **गोष्ठीमा प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिमको क्षेत्रमा कार्यरत विभिन्न मन्त्रालय, विभाग, विकास समितिहरूका प्रमुख एवम् प्रतिनिधि एवम् अन्य दातृ निकायबाट संचालित परियोजनाहरूका परियोजना प्रमुख एवम् प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।**

# पोलिटेक्निक महाशाखा सम्बन्धी गतिविधिहरू

१. Save The Children Fund को सहकार्यमा परिषद्का आंगिक तथा सम्बन्धन प्राप्त स्वास्थ्य कार्यक्रम संचालन गरि रहेका शिक्षण संस्थाहरूमा कार्यरत प्रशिक्षकहरूलाई New Born Care (NBC) सम्बन्धी तालिम प्रदान गरिएको छ । उक्त तालिमको मुख्य उद्देश्य स्वास्थ्य शिक्षण संस्थामा कार्यरत प्रशिक्षकहरूको सीप अभिवृद्धि गरी नवजात शिशुको विशेष स्याहार गर्ने र मातृ तथा नवजात शिशु मृत्युदर घटाउनु रहेको छ। परिषद्बाट सम्बन्धन प्राप्त तथा आंगिक स्वास्थ्य शिक्षण संस्थाहरूमा कार्यरत प्रशिक्षकहरूलाई संयुक्त रुपमा संचालन गर्न Save The Children Fund र परिषद्, पोलिटेक्निक महाशाखा बिच सन् २०१३ मा यस सम्बन्धी समझदारी पत्रमा हस्ताक्षर भई शुरु भएको उक्त कार्यक्रम सन् २०१७ सम्ममा सम्पन्न भईसक्नेछ । हाल सम्म प्रमाण पत्र तह नर्सिङ्ग प्रशिक्षक ९९ जना र अनमी प्रशिक्षक ४३ जना गरी जम्मा १४२ जनालाई यो तालिम प्रदान गरिएको छ । यस पश्चात सामान्य चिकित्सा र सी. एम. ए. प्रशिक्षकहरू लाई यो तालिम प्रदान गरिने छ ।

२. सीप विकास परियोजनाको सहयोगमा परिषद्का १० वटा आंगिक शिक्षालयहरूमा गुणस्तर अभिवृद्धि कार्यक्रम (Quality Improvement Program) लागु गरिएको र सो कार्यक्रमको प्रभावकारि संचालन तथा प्रगातिको नियमित अनुगमन परिषद्का तर्फबाट यस महाशाखाले गरी रहेको र यस सम्बन्धमा अधिकांश शिक्षालयहरूको हालसम्मको कार्य प्रगतिको अवस्था सन्तोषजनक रहेको छ ।

३. पाठ्यक्रम निर्माण तथा परिमार्जन, प्रश्न पत्र निर्माण, सीप प्रमाणिका निर्माण तथा न्युनतम पूर्वाधार मापदण्ड आदि सम्बन्धी कार्यहरू गर्ने गरी यस महाशाखा अन्तरगत विभिन्न १९ वटा विषय समितिहरू गठन भई कार्यहरू अगाडी बढी रहेको छ ।

४. प्रा. शि. तथा व्या. ता. परिषद्बाट संचालित शैक्षिक कार्यक्रमहरू सम्बन्धित पेशागत संस्थाहरूसंग समन्वयात्मक रुपमा प्रभावकारी कार्य गर्न परिषद्का उपाध्यक्षज्यूको अध्यक्षता रहने अन्तर परिषद् समन्वय समिति गठन भएको र उक्त समिति संगको समन्वयमा न्यूनतम पूर्वाधार मापदण्ड तथा शिक्षण संस्थाहरूको अनुगमन तथा निरीक्षण सम्बन्धी कार्य अगाडी बढी रहेको छ । ♦

# पाठ्यक्रम विकास महाशाखा

पाठ्यक्रम विकास महाशाखाले आफ्नो उद्देश्य अनुसार बजार मागको आधारमा नयाँ नयाँ पाठ्यक्रमहरू निर्माण गर्ने तथा संचालनमा रहेका पाठ्यक्रमहरूलाई समय सापेक्ष परिमार्जन गर्ने कार्यलाई निरन्तरता दिँदै आएको छ। सोही क्रममा यस महाशाखाबाट चालु आ. व. २०७२/७३ मा डिप्लोमा तहमा ३ वर्षे उद्यमशिलता विकास (Diploma in Entrepreneurship Development) को नयाँ पाठ्यक्रम निर्माण कार्य सम्पन्न भएको छ। संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (UNDP) अन्तर्गतको लघु उद्यम विकास कार्यक्रम(MEDEP) को आर्थिक तथा प्राविधिक सहयोगमा उक्त पाठ्यक्रम निर्माण भएको हो । त्यसैगरी एस.डी.सी.को आर्थिक सहयोगमा बिक्री कर्ता (सेल्स पर्सन) पेशाको छोटो अवधिको पाठ्यक्रम निर्माण भएको छ ।

व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना र परिषद् विच भएको सम्झौता अनुसार 'टेलर मास्टर' र 'इलेक्ट्रिक एप्लाएन्सेस रिपेयरर'का छोटो अवधिका पाठ्यक्रमहरू परिमार्जन गर्ने कार्य सम्पन्न भएको छ । यसबर्ष प्रमाण-पत्र तहको सामान्य चिकित्सा (हेल्थ असिस्टेन्ट) र डिप्लोमा इन इन्फर्मेसन टेक्नोलोजीको पाठ्यक्रम परिमार्जन गर्ने कार्य भै रहेको छ । जुनियर टेक्निसियन (जेटि) तर्फ पशुपालन र प्लान्ट साइन्सको पाठ्यक्रम परिमार्जन कार्य भै रहेको छ। प्राविधिक एस.एल.सी. तर्फ सोसियल मोबिलाइजेसन र ल्याब असिस्टेन्टको पाठ्यक्रम परिमार्जन गरिनेछ। छोटो अबधि तर्फ बाँस कालिगढ, इन्डियन कुक, चाइनिज कुक, कन्टिनेन्टल कुक र कम्यूनिटि लाइभस्टक एसिस्टेन्टको पाठ्यक्रमहरू परिमार्जनको क्रममा रहेका छन् ।
यसैबर्ष डिप्लोमा इन फेसन डिजाइन र सिभिल इन्जिनियरिङ्गमा प्रा.एस.एल.सी. उत्तीर्ण गरेकाहरूलाई लक्षित गरेर डिप्लोमा इन सिभिल इन्जिनियरिङ्ग अन्तर्गत ब्रिज इन्जिनियरिङ्गको नयाँ पाठ्यक्रम निर्माण गर्ने कार्य प्रारम्भ भएको छ । एस.एल.सी. परीक्षामा अक्षरांकन प्रणाली लागु गरेपश्चात प्राविधिक शिक्षामा पनि सोही अनुसार ग्रेडिङ्ग सिष्टम लागू गर्नको लागि कार्य आरम्भ भैसकेको छ। भर्खरै सम्पन्न ३३ औं व्यवस्थापन गोष्ठिले प्राविधिक शिक्षामा कम्तिमा एउटा स्नातक तहको कार्यक्रम संचालन गर्ने भन्ने निर्णय भए अनुसार यस बर्ष ब्याचलर इन टेक्नोलोजीमा सिभिल इन्जिनियरिङ्गको पाठ्यक्रम निर्माण गर्ने योजना पाठ्यक्रम विकास महाशाखाले बनाएको छ। पाठ्यक्रम निर्माण र परिमार्जनको अलावा यस महाशाखाले स्वदेश तथा विदेशमा अध्ययन पुरा गरेको प्राविधिक विद्यार्थीहरूको समकक्षता प्रदान गर्ने कार्य समेत नियमित रुपमा गर्दै आइरहेको छ। ♦

# परिषद् उपाध्यक्षको नियुक्ती



प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को आगामी चार बर्षको कार्यकालका लागि डा. कुल बहादुर बस्नेत नयाँ उपाध्यक्षमा नियुक्ती भई आफ्नो कार्यभार सम्हाल्नु भएको छ। यस अघि परिषद् उपाध्यक्षमा डा.गोपाल खनालको कार्यकाल मिति २०७१ चैत्र १२ गते सकिएको थियो । नेपाल सरकार शिक्षा मन्त्रालयले नियुक्तीको सिफारिसका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् नियमावली २०५१ (संशोधन सहित)अनुसार राष्ट्रिय योजना आयोगका मा.सदस्य (शिक्षा हेर्ने) को अध्यक्षतामा ३ सदस्यीय समिति गठन भई उक्त समितिको सिफारिसमा नेपाल सरकार मन्त्री परिषद्को निर्णयानुसार डा. कुल बहादुर बस्नेत नियुक्त हुनु भएको हो । परिषद्को इतिहासमा नै प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्मा कार्यरत कर्मचारी मध्येबाट उपाध्यक्षमा नियुक्ती भएको यो पहिलो पटक हो। कर्णाली प्राविधिक शिक्षालय जुम्लाबाट मिति २०४० सालमा प्रशिक्षक पदबाट सेवा प्रवेश गरी वहाँले करिव तीन दशकसम्म विभिन्न शिक्षालयहरूमा शाखा प्रमुख, शिक्षालय उप-प्रमुख, प्रमुख हुँदै विभिन्न महाशाखाका निर्देशक लगायत विभिन्न जिम्मेवारी बहन गरी सक्नु भएको छ । उपाध्यक्ष नियुक्ति हुनु अघि वहाँ राष्ट्रिय सीप परीक्षण समितिको निर्देशकका रूपमा कार्यरत हुनुहुन्थ्यो । ◆

# राष्ट्रिय सीप परीक्षण समिति (NSTB)

औपचारिक माध्यम वा अनुभवबाट हासिल गरेका सीप तथा दक्षता भएका नेपालको कुनै पनि भू-भागमा वसोवास गर्ने व्यक्तिहरूको सीपलाई कदर गर्ने र खेर गइरहेको जनशक्तिलाई देश निर्माण कार्यमा समाहित गर्ने मूलभूत उद्देश्य राखी प्राविधिक तथा व्यावसायिक शिक्षा समिति गठन आदेश २०३९ अनुसार २०४० साल जेष्ठ ८ गते सीप परीक्षण परिषद् उप समिति गठन गरी सीपको स्तर निर्धारण, वर्गीकरण, परीक्षण तथा प्रमाणिकरणको कार्य आरम्भ भएको हो । प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ऐन २०४५ अन्तर्गत बनेको नियमावली २०५१ को पहिलो संसोधन २०६० को नियम ८ बमोजिम राष्ट्रिय सीप परीक्षण समितिको रुपमा रही सीप स्तर निर्धारण, सीप परीक्षण तथा प्रमाणीकरण कार्य अविच्छिन्न रुपमा संचालन हुदै आइरहेको छ। आ.व. २०७१/०७२ सम्म यस राष्ट्रिय सीप परीक्षण समितिबाट प्रारम्भिक तहदेखि तह ४ सम्मका २० वटा सेक्टरमा गरी जम्मा २७६ वटा व्यवसायहरूको सीप प्रमाणिका निर्माण गरी ३१५२०७ जनाको सीप परीक्षण गरी २३८१८६ जनालाई सीप प्रमाणिकरण प्रदान गर्ने कार्य सम्पन्न भइसकेको छ। साथै आ.व.२०७२/०७३ सम्म यस समितिद्वारा ६२५४ जनालाई सीप मूल्याङ्कन तालिम र ४०९ जनालाई सीप व्यवस्थापक तालिम दिइसकिएको छ । जसको विस्तृत विवरण देहाय वमोजिम छ।

**तहगत सीप परीक्षण परीक्षामा सहगागीको विवरण (आ.व.२०५८/०५९ देखि २०७२/०७३ सम्म)**

| सि नं | तह | २०५८/ ०५९ | २०५९/ ०६० | २०६०/ ०६१ | २०६१/ ०६२ | २०६२/ ०६३ | २०६३/ ०६४ | २०६४/ ०६५ | २०६५/ ०६६ | २०६६/ ०६७ | २०६७/ ०६८ | २०६८/ ०६९ | २०६९/ ०७० | २०७०/ ०७१ | २०७१/ ०७२ | २०७२/ ०७३ (माघ २० सम्म) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक | ० | ० | ० | ० | ० | ० | ४० | १४४२ | २१०० | २२७९ | २२६७ | ८४९ | ० | २३ | ० |
| २ | तह १ | ५८१८ | ५४९ | ३८० | ११०९ | ६२२ | १०३९ | २७८३ | ९४०४ | १३७४४ | ४००८२ | ५५३११ | ३१४१० | ५०६०१ | ५२९५५ | ११४०२ |
| ३ | तह २ | ४८६६ | ४५० | ४३६ | ७३० | ९७९ | ७६१ | ८४९ | १२३४ | ९४३ | १२०२ | ३२२४ | ३२१६ | ४२४५ | ६२९५ | २२०९ |
| ४ | तह ३ | १५३७ | ९९ | ९८ | १९९ | २१४ | १६० | २०२ | २१२ | २३० | ३२७ | ८०३ | ८६४ | ६३३ | ७२३ | ३२९ |
| ५ | तह ४ | ० | ० | ० | २ | ० | ४ | २ | ० | १९ | १५ | ५ | ० | ० | ० | ० |
| जम्मा | | १२२२१ | १०९८ | ९१४ | २०४० | १८१५ | १९६४ | ३८७६ | १२२९२ | १७०३६ | ४३९०५ | ६१६१० | ३६१५९ | ५५४७९ | ५९९९६ | १३९४० |

**आ.व. २०७२ / ०७३ माघ १५ सम्मको १३९४० परीक्षार्थीको सीप परीक्षणको नतिजा विवरण (Regular + Sponsor)**

| तह | आवेदक | सहभागी | उत्तिर्ण | उत्तिर्ण % |
|---|---|---|---|---|
| **प्रारम्भिक** | ० | ० | ० | ० |
| **तह १** | ६४५६ | ४१३० | ३९११ | ९४.६९ |
| **तह २** | १०८६ | ९६४ | ३९६ | ४१.०७ |
| **तह ३** | १०१ | ८३ | ५८ | ६९.८७ |
| **तह ४** | ० | ० | ० | ०० |
| **जम्मा** | ६४५६ | ५१७७ | ४३६५ | ५४.३१ |

**श्रोत : NSTB**

# कर्णालीको धरोहर : कर्णाली प्राविधिक शिक्षालय

**हेमदत्त देवकोटा**
प्रशासकीय अधिकृत

शिक्षा मानव जीवनको अपरिहार्य आवश्यकता हो । शिक्षाविना मानव सभ्यता निरर्थक हुन्छ। शिक्षाले मानवीय जीवनमा विशिष्ट स्थान ओगटेको छ । नेपालको सन्दर्भमा शिक्षाको विकास विभिन्न कालखण्डमा फरक फरक रुपमा भएको पाइन्छ। कुनै समयमा मन्द गतिमा र कुनै समयमा तीव्र गतिमा यसको विकास भएको पाइन्छ। इतिहासमा शिक्षा सम्बन्धी तथ्यहरूलाई नियाल्ने हो भने सर्वप्रथम वि.सं. १९१० मा जंगबहादुर राणाले आफ्ना भाई भारदारहरूका लागि शिक्षा प्रदान गर्न दरबार हाई स्कुलको स्थापना गरेका थिए । राणाकालमा औपचारिक शिक्षाको केही शुरुवात भएता पनि त्यो सर्वसाधारणको पहुँचभन्दा टाढा थियो । राणा शासन कालमै उदार राणा प्रधानमन्त्री देवशम्सेरको पालामा जय पृथ्वीबहादुर सिंहले अक्षरांङ्क शिक्षा नामक पुस्तक प्रकाशन गरी सर्वसाधारणका निम्ति शिक्षा प्राप्त गर्ने आधार तयार गरेका थिए।

नेपालमा जनस्तरवाट विद्यालय खोल्ने परिपाटिको शुरुवात भने २००४ सालदेखि भएको पाइन्छ, वि.सं.२००७ सालमा प्रजातन्त्रको स्थापना पश्चात शिक्षालाई मौलिक अधिकारको रुपमा लिइएको हुनाले शिक्षाको विकासमा तदारुकता अपनाइएको थियो। यसरी देशले राजनैतिक स्वतन्त्रता पाउनका साथै विद्यालयको स्थापना गर्ने कार्यमा पनि केही तिव्रता आएको पाइन्छ।

प्राविधिक शिक्षाविना मानव जीवन अपुरो हुन्छ। मानव सभ्यताको प्रारम्भ देखी नै जिविकापार्जनका लागि सीपको आवश्यकता रहेको देखिन्छ। वर्तमान परिप्रेक्ष्यमा सीपयुक्त शिक्षा विना न त मानवको जीवन स्तर उकासिएको हुन्छ न त देशको विकासको गतिले नै फड्को मार्दछ । नागरिकको जीविकाका कुराहरू राज्यसँग जोडिएर रहने हुँदा प्रत्येक राज्यले त्यस राज्यका जनता प्राविधिक सीपयुक्त होउन् भन्ने चाहन्छ, जुन देशका जनता सीपयुक्त हुन्छन्, त्यो देशको आर्थिक समृद्धि हूनेमा दुई मत छैन। त्यसैले पनि विकसित राज्यद्वारा साधारण शिक्षाभन्दा प्राविधिक शिक्षामा राम्रो लगानी गरिएको पाइन्छ।

नेपालमा प्राविधिक शिक्षाको विकासको क्रम हेर्दा आयुर्वेदिक स्कुल अफ होमोप्याथिक-१९२८ (शर्मा र नेपाली-१९२८),इन्जिनियरिङ अध्ययन संस्थान-१९३०, बुटवल टेक्निकल इन्ट्रिच्यूट-१९६२ र बालाजु टेक्निकल टेड्रिङ सेन्टर (मेकानिकल तालीम केन्द्र)-१९६३ हुदैं आएको देखिन्छ। सन् १९८० मा भएको कर्णाली प्राविधिक शिक्षालयको स्थापनालाई पहिलो औपचारिक शिक्षालयमा लिन सकिन्छ। UMN को सहयोगमा कर्णाली अञ्चलको केन्द्र जुम्ला जिल्लाको चन्दननाथ नगरपालिकाको घुघुत्तीमा अबस्थित हालको कर्णाली प्राविधिक शिक्षालय वि.स २०३७ सालमा स्थापना भएको हो । निम्न स्तरीय दक्ष सीप युक्त जनशक्ति उत्पादन गर्ने उद्देश्यले स्थापित यस शिक्षालयलाई अमेरिकन नागरिक लेरी एसर संस्थापक शिक्षालय प्रमुखको रुपमा रही संचालन गर्नु




भएको थियो। शुरुमा २९ महिने प्राविधिक एस.एल.सी. कार्यक्रम तर्फ सात जोड तिनलाई मध्यनजर गर्दै निर्माण टेड्र अन्तर्गत सब ओभसियर, स्वास्थ्य ट्रेड अन्तर्गत सि.एम.ए. र अ.न.मी. तथा कृषि ट्रेड अन्तर्गत जे.टी.ए. कार्यक्रमहरू संचालन गर्दै आएकोमा पछि समय सापेक्ष कोर्षहरूमा परिमार्जन गरी SLC अनुत्तीर्णहरूलाई भर्ना लिई सोही तहको कार्यक्रम संचालन हुदैं आएकोमा मिति २०६६ सालदेखि स्तरवृद्धि गरी डिप्लोमातर्फ सिभिल ओभरसियर र मिति २०६८ सालदेखि कृषि डिप्लोमा तर्फ प्रमाण पत्र तह कृषि कार्यक्रमहरू पनि पुरानै भौतिक पुर्वाधार तथा कर्मचारी दरवन्दिमा नै संचालित छन्।

उक्त शिक्षालयले ६५२ रोपनी जग्गा ओगटेको छ भने त्यसमा प्रशासनिक भवन, शैक्षिक भवन, ल्याव, प्राविधिक एस.एल.सी. पढ्ने विद्यार्थीहरूका लागि छात्रावास, जिल्लाकै नमूना हल, आफ्नै हाईड्रो पावर, कर्मचारी आवास, आदि गरी ५० वटा भवनहरू रहेका छन । जुम्ला बजारबाट ४ कि.मि. उत्तरतर्फ रहेको यस शिक्षालयमा कर्णाली अञ्चलका सबै पाँच जिल्ला र भेरी अञ्चलका दुई जिल्ला (जाजरकोट र दैलेख) का विद्यार्थीहरूलाई पठनपाठनका लागि कोटा छुट्याइएको छ । कर्णालीको एकमात्र आंगिक प्राविधिक शिक्षालयले गुणस्तरीय प्राविधिक शिक्षा उपलब्ध गराउन सफल र सक्षम मानिएको छ। यसले लामो अवधिको साथ साथै छोटो अवधिका तालिमहरू समेत संचालन गर्दै आएको छ।

जुम्ला, कालीकोट, हुम्ला, मुगु, डोल्पा, जाजरकोट र दैलेखका विद्यार्थीहरूलाई आफ्नो लक्षित क्षेत्र बनाएको भए पनि दलित, मधेशी, निजी, गैरसरकारी, आदि कोटामा लक्षित क्षेत्र तथा अन्य

क्षेत्रमा जस्तै बाँके बर्दिया, सुर्खेत, अछाम, रुकुम र रोल्पा आदि जिल्लाबाट पनि एस.एल.सी. अनुत्तीर्ण र उत्तीर्ण विद्यार्थीहरू प्राविधिक एस.एल.सी. र डिप्लोमा पढ्न आउने गरेका छन । प्रा.शि.तथा व्या.ता.परिषद्को सबैभन्दा पूरानो शिक्षालय कर्णाली प्राविधिक शिक्षालय हो । यसको लक्षित क्षेत्र व्यापक छ । त्यसैले यसको भौतिक पूर्वाधार विस्तारमा परिषद्ले महत्वपूर्ण भूमिका खेल्नुपर्ने देखिन्छ ।

**कर्णाली प्रा.शि.बाट उत्पादित जनशक्तिको अवस्था**




*Source: KTS, Jumla*

सरोकारवालाहरूको चासोका कारण यसको गुणस्तर वृद्धि हुदैं जाने कुरामा दुई मत छैन् । यस शिक्षालयबाट उत्पादित जनशक्तिहरू हाल विभिन्न सरकारी, गैरसरकारी र निजी संघ संस्थामा कार्यरत रहेका छन भने केहीले आ-आफ्नै व्यवसाय संचालन गरी स्वरोजगार भएका छन । यसर्थ कर्णालीवासीहरूको जीवनस्तर वृद्धिमा यस प्राविधिक शिक्षालय कोशेढुंगाको रूपमा रहनुका साथै पश्चिम नेपालको हिमाली जनताको जीवन स्तर सुधारमा महत्वपूर्ण योगदान पुऱ्याएको विभिन्न अध्ययनहरूले देखाएका छन ।

शिक्षालय हाताभित्र रहेको कृषि योग्य जमिनमा तरकारी खेती, खरायो/बाखा पालनका साथै स्याउ बगैंचासमेत रहेका छन् । शिक्षालयमा प्राविधिक र प्रशासनिक गरी जम्मा ६६ जना कर्मचारी मध्ये ३९ जना स्थायी र २७ जना सेवा करारमा कार्यरत रहेका छन् । यस शिक्षालयलाई स्थानीय स्तरबाट सिभिल ओभरसियर संचालनका लागि तत्कालिन संविधान सभाका माननीय सभासद नरेश भण्डारीको सक्रियतामा वि.स. २०६६ सालमा जुम्ला जिल्लाका प्रत्येक गा.वि.स.वाट रु. एक लाख पचास हजार उपलब्ध गराउने र सो बापत पहिलो वर्ष प्रत्येक गा.वि.स.लाई एक जना ओभरसियर पढ्ने अवसर प्रदान गरिएको थियो । कर्णालीको धरोहर कर्णाली प्राविधिक शिक्षालय सवैको सामुहिक सम्पत्ति हो । यसको आफ्नै इतिहास र गौरव छ । यस्को स्तरवृद्धि एवं सुधारका लागि सहकार्यको भावना सबैमा उत्पन्न हुनु आवश्यक छ । कर्णालीकै धरोहर र यहाँका जनताको जीवनसँग प्रत्यक्ष रुपमा गाँसिएको यस प्राविधिक शिक्षालयलाई थप स्तरीय वनाउनु अपरिहार्य छ । यसका लागि यस संस्थालाई सक्षम, योग्य प्रशासकीय एंव शैक्षिक जनशक्तिको अझै खाँचो छ । यतातर्फ सरोकारवालाहरूको ध्यान जानसकेमा यो संस्थाको भविष्य अत्यन्त उज्ज्वल हुने कुरामा दुईमत छैन । ◆

# कर्मचारी संघको पाँचौ केन्द्रिय अधिवेशन सम्पन्न

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् कर्मचारी संघको पांचौ केन्द्रिय अधिवेशन यहि २०७२ मंसिर १९ गते १६ वुंदे प्रतिवद्धता-पत्र पारित गर्दै सानोठिमी भक्तपुरमा सम्पन्न भएको छ । महाधिवेशनका प्रमुख अतिथि नेपाली कांग्रेसका महामन्त्री एवं संविधान मस्यौदा समितिका सभापति श्री कृष्ण प्रसाद सिटौलाले पानसमा वत्ति वालेर समुद्घाटन गर्नुभएको थियो । उदघाट्न सत्रमा बोल्दै महामन्त्री सिटौलाले जनताका प्रतिनिधिद्वारा प्रथम पटक संविधान सभावाट संविधान निर्माण भएको र सवैले चाहेका सवै कुरा समेट्न नसकेको भएतापनि संशोधनका माध्यमबाट विस्तारै सवै कुराको व्यवस्थापन हुँदैजाने विश्वास व्यक्त गर्नुभयो । साथै शिक्षा ऐनले प्राविधिक शिक्षाको विकासमा पारेको प्रभावको वारेमा छलफल गर्ने विश्वास दिलाउनु भयो ।

कर्मचारी संघका महासचिव श्री शंकर कोइरालाले संचालन गरेको उक्त कार्यक्रमको अध्यक्षता कर्मचारी संघका अध्यक्ष देव दत्त वडूले गर्नु भएको थियो भने पूर्व अध्यक्ष श्री ईश्वर घिमिरेले स्वागत मन्तव्य व्यक्त गर्नु भएको थियो । त्यसैगरि नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं श्रम विभाग संयोजक श्री वद्री पाण्डेले शिक्षा ऐनले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को भुमिका खुम्च्याउन खोजेको प्रति असन्तुष्टी व्यक्त गर्दै शिक्षा ऐन संसोधनमा प्राविधिक शिक्षा प्रेमीहरूको उचित सरोकारलाई संबोधन गराउन अग्रणी भूमिका खेल्ने वताउनु भयो ।

परिषद्का सदस्य-सचिव डा. रामहरि लामिछानेले कर्मचारी हक हितमा संघ कटिवद्ध भई लागेको र कर्मचारी प्रतिनिधि र व्यवस्थापन पक्ष नङ् मासु भई अघि वढेकोमा आगामी दिनमा समेत यसै गरि अघि बढ्ने कुरामा आफू विश्वस्त रहेको वताउनु भयो । कार्यक्रममा ट्रेड युनियन कांग्रेसका अध्यक्ष खिला दाहाल, परिषद्का निर्देशकहरू, कर्मचारी संगठन/रा.क.स/ने.रा.क.स लगायतका प्रतिनिधिहरूको उपस्थित थियो । महाधिवेशनले देव दत्त वडूको अध्यक्षतामा २५ सदस्यीय नयाँ कार्य समिति २ वर्षका लागि निर्वाचित गरेको छ । ◆

**परिषद्ले गत श्रावण/भाद्रमा सञ्चालित डिप्लोमा तथा प्रमाणपत्र तहका वार्षिक तथा सेमेष्टर रेगुलर तर्फको नतिजा प्रकाशन गरेको छ जस अनुसार डिप्लोमा इन जिओमेट्रिक तर्फ सबैभन्दा बढी १०० प्रतिशत प्रशिक्षार्थी उत्तिर्ण भएका छन् भने डिप्लोमा इन आर्टिटेक्चर तर्फ सबैभन्दा कम ४३.३३ प्रतिशत प्रशिक्षार्थी उत्तिर्ण भएका छन्। विभिन्न कार्यक्रम अनुसार उत्तिर्ण प्रतिशत सहितको विवरण निम्नानुसार छ।**

| सि.नं | कार्यक्रम | वर्ष | संस्था संख्या | कूल प्रशिक्षर्थी | उर्तिण संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | डिप्लोमा इन फरेष्ट्री | तृतिय | १ | ३९ | ३१ | ७९.४९ |
| २ | डिप्लोमा इन आर्टिटेक्चर | तृतिय वर्ष द्धितिय पार्ट | २ | ३० | १३ | ४३.३३ |
| ३ | डिप्लोमा इन अटोमोवाइल | तृतिय वर्ष द्धितिय पार्ट | १ | २९ | २८ | ९६.५५ |
| ४ | डिप्लोमा इन सिभिल इन्जिनियरिङ्ग | तृतिय वर्ष द्धितिय पार्ट | ३० | ११६३ | ५२० | ४४.७१ |
| ५ | डिप्लोमा इन कम्प्यूटर इन्जिनियरिङ्ग | तृतिय वर्ष द्धितिय पाट | १४ | २१८ | १२८ | ५८.७२ |
| ६ | डिप्लोमा इन इलेक्ट्रीकल इन्जिनियरिङ्ग | तृतिय वर्ष द्धितिय पाट | ८ | २४४ | १२६ | ५१.६४ |
| ७ | डिप्लोमा इन इलेक्ट्रीकल एण्ड इलेक्ट्रोनिक इन्जिनियरिङ्ग | तृतिय वर्ष द्धितिय पाट | १ | २९ | २६ | ८९.१६ |
| ८ | डिप्लोमा इन इलोक्ट्रोनिक्स इन्जिनियरिङ्ग | तृतिय वर्ष द्धितिय पाट | ३ | ८२ | ५१ | ६२.२० |
| ९ | डिप्लोमा इन आइ.टि इन्जिनियरिङ्ग | तृतिय वर्ष द्धितिय पाट | १ | ४० | ३३ | ८२.५० |
| १० | डिप्लोमा इन मेकानिकल इन्जिनियरिङ्ग | तृतिय वर्ष द्धितिय पाट | २ | ७० | ४९ | ७०.०० |
| ११ | डिप्लोमा इन जिओमेट्रिक | तृतिय वर्ष द्धितिय पाट | १ | ४८ | ४८ | १०० |

## प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषदले विभिन्न मितिमा गरेका सेमेष्टर/वार्षिक व्याक/आंशिक तर्फको नतिजा प्रकाशनको विवरण

| सि.नं | कार्यक्रम | वर्ष | संस्था संख्या | कूल प्रशिक्षर्थी | उर्तिण संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | डिप्लोमा इन फार्मेसी | तृतिय | २६ | १३७२ | ७६५ | ५५.७५ |
| २ | डिप्लोमा इन एग्रीकल्चर | तृतिय | ६ | २२९ | १९७ | ८६.०२ |
| ३ | पि.सि.एल नसिङ्ग नियमित | तृतिय | ९६ | ३३९२ | ३३२७ | ९८.०८ |
| ४ | पि.सि.एल पि.सि.एल नसिङ्ग विशेष | तृतिय | ११ | ३७६ | ३५८ | ९५.२१ |
| ५ | मेडिकल ल्याव टेक्नोलोजि | तृतिय | ४३ | १२९६ | ९१४ | ७०.५२ |
| ६ | पि.सि.एल रेडियोग्राफी | तृतिय | १३ | ३०५ | २९९ | ९८.०३ |

**PCL Third Year Result Summary (2072/10/3)**

| S.N. | Program | Nature | Pass | Fail | Total | Pass Percentage | Remark |
|---|---|---|---|---|---|---|---|
| 1 | Lab Technology | Regular | 820 | 263 | 1083 | 75.72% | Withheld 16 Of Mahendra Inst., Jnk |
| 2 | Lab Technology | Back | 94 | 119 | 213 | 44.13% | |
| 3 | Nursing | Regular | 437 | 1 | 438 | 99.77% | Rescheduled + Withheld Exam |
| 4 | Nursing | Back | 8 | 5 | 13 | 61.54% | Rescheduled Exam |
| 5 | Nursing (Special) | Regular | 37 | 0 | 37 | 100.00% | Reschedule Exam |
| 6 | Total Lab Technology | R+B | **914** | **382** | **1296** | **70.52%** | |
| 7 | Total Nursing | R+B | **482** | **6** | **488** | **98.77%** | |
| 8 | Grand Total | R+B | **1396** | **388** | **1784** | **78.25%** | |

# हार्दिक विदाई साथै सुखमय जीवनको कामना

**लामो समयसम्म परिषद्को सेवामा कार्यरत रही उमेरको हद एवं राजीनामा दिई सेवाबाट अवकाश प्राप्त गर्नु भएका तपशिलका कर्मचारीहरूलाई परिषद्ले स-सम्मान विदाई गरेको छ। निजहरूले परिषद् सेवामा रहँदा पुऱ्याउनु भएको सेवा प्रति सम्मान गर्दै निवृत्त कर्मचारीहरूको जीवन सुखमय रहोस भन्ने कामना गर्दछौं।**

| सि.नं. | नाम, थर | अवकास भएको पद | शिक्षालयको नाम |
|---|---|---|---|
| १ | श्री भरतराज न्यौपाने | वरिष्ठ सीप प. अधिकृत | श्री नेपाल भारत मैत्री बहुप्राविधिक संस्था, हेटौडा। |
| २ | श्री भरत प्रसाद भुसाल | प्रशासकीय अधिकृत | श्री प्रा.शि.तथा व्या.ता.परिषद्, सानोठिमी, भक्तपुर। |
| ३ | श्री चन्द्रभक्त नकर्मी | निर्देशक | श्री प्रा.शि.तथा व्या.ता.परिषद्, सानोठिमी, भक्तपुर। |
| ४ | श्री योगेन्द्र प्रसाद यादव | ब.अटो प्रशिक्षक | श्री पनौती प्राविधिक शिक्षालय, पनौती |
| ५ | श्री गोपालकृष्ण श्रेष्ठ | निर्देशक | श्री प्रा.शि.तथा व्या.ता.परिषद्, सानोठिमी, भक्तपुर। |
| ६ | श्री प्रदिप राज दली | वरिष्ठ सीप प. अधिकृत | श्री राष्ट्रिय सीप परीक्षण समिति, सानोठिमी, भक्तपुर। |
| ७ | श्री ललि बहादुर खत्री | कार्यालय सहयोगी | श्री जिरी प्राविधिक शिक्षालय, दोलखा। |
| ८ | डा. भवानीशंकर सुवेदी | कार्यकारी निर्देशक | श्री प्राविधिक प्रशिक्षण प्रतिष्ठान, सानोठिमी, भक्तपुर। |
| ९ | श्री दीपक कुमार श्रेष्ठ | प्रशासकीय अधिकृत | श्री उत्तरपानी प्राविधिक शिक्षालय, धनकुटा। |
| १० | श्री रामजी प्रसाद सापकोटा | ब.सुपरिवेक्षण अधिकृत | श्री प्रा.शि.तथा व्या.ता.परिषद्, सानोठिमी, भक्तपुर। |
| ११ | श्री रामहरी खनाल | ब.सुपरिवेक्षण अधिकृत | श्री प्रा.शि.तथा व्या.ता.परिषद्, सानोठिमी, भक्तपुर। |
| १२ | श्री जीवनचन्द्र दाहाल | निर्देशक | श्री प्रा.शि.तथा व्या.ता.परिषद्, सानोठिमी, भक्तपुर। |
| १३ | श्री देवी प्रसाद अधिकारी | कार्यालय सहयोगी | श्री कर्णाली प्राविधिक शिक्षालय, जुम्ला। |
| १४ | श्री माधव राज पन्त | उप निर्देशक | श्री प्रा.शि.तथा व्या.ता.परिषद्, सानोठिमी, भक्तपुर। |
| १५ | श्री नरेन्द्र कु. चौधरी | कृषि स. प्रशिक्षक | श्री लाहान प्राविधिक शिक्षालय, सिराहा। |

**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्**
सानोठिमी, भक्तपुर, फोन नं.: ०१-६६३०४६९/६६३६९७२, www.ctevt.org.np